# २०२६ मतपत्र निर्देशिका

मतदानका लागि दर्ता भएका अमेरिकी नागरिकहरूले मङ्गलबार, नोभेम्बर ३, २०२६ मा धेरै सरकारी नेतृत्व पदहरूका बारेमा निर्णय गर्ने अवसर पाउनेछन्| यो मतपत्र निर्देशिका (ब्यालट गाइड) तपाईंलाई पाँचवटा राज्यव्यापी चुनावका उम्मेदवारहरूलाई थप स्पष्ट अझ विस्तृत रुपमा बुझ्नमद्दत गर्का लागि तयार पारिएको हो ताकि तपाईंले कसलाई भोट दिने भन्ने निर्णय लिन सक्नुहोस्| हामी तपाईंलाई थप अनुसन्धान गर्न र यस निर्देशिकामा समेटिएका बाहेक आफ्ना जिल्लाका उम्मेदवारहरूलाई पनि मतदान गर्न प्रोत्साहित गर्दछौं|

एसियन् सर्भिसेस् इन् एक्सन् एउटा गैर दलीय ५०१(सि)३ (501(c)3) संगठन हो| यो मतपत्रका सामग्रीहरू उम्मेदवारहरूका वेबसाइट वा ब्यालटपिडियाको सर्भे सर्वेक्षणको प्रतिक्रियाहरूबाट लिइएको छ|

## गभर्नर (उम्मेदवारहरूलाई थरको वर्णानुक्रम अनुसार सूचीबद्ध गरिएको छ)

गभर्नर राज्यको सरकारको प्रमुख हुन्|

| **उम्मेदवार** | **Amy Acton (D)**<br>**एमी एक्टन् (डि)** | **Don Kissick (L)**<br>**डन् किस्सिक् (एल्)** | **Vivek Ramaswamy (R)**<br>**विवेक रामस्वामी (आर)** |
|---|---|---|---|
| **सह- उम्मेदवार** | David Pepper डेभिड पेप्पर | James L. Mills जेम्स एल्. मिल्स् | Robert A. McColley रोबर्ट ए. मेक्कोली |
| **पृष्ठभूमि जानकारी** | एक्टनले गभर्नर देउइनको नेतृत्वमा ओहायो सार्वजनिक स्वास्थ्य विभागको निर्देशकको रूपमा काम गरेकी थिईन्| उनले बाल्यकालको खोप अभियानलाई प्रवर्द्धन गर्न समर्पित कोलम्बसको एक गैर-नाफामूलक संस्था 'प्रोजेक्ट लभ' (Project LOVE) को निर्देशकको रूपमा कार्यरत थिइन्| उनी यंगस्टन, ओहायोको एउटा चिकित्सक् र समुदायकी नेता पनि हुन्| उनी हाल बेक्सलि, ओहायोमा आफ्नो श्रीमान र बच्चाहरूसँग बस्छिन्| | किस्सिक् ६ वर्ष अमेरिकी नौसेनामा र दुवै डेजर्ट शिल्ड र डेजर्ट तूफानमा नियुक्त थिएँ| उनी पहिले अमेरिकी सिनेट (२०२४) र अमेरिकी सांसद ओहायो डि-५ (२०१८) मा उमेदवार थिए । अहिले, उनी हाल अटवा, ओहायोमा आफ्नी श्रीमती र दुई बच्चाहरूसँग बस्छन्| | किस्सिक् ६ वर्ष अमेरिकी नौसेनामा र दुवै डेजर्ट शिल्ड र डेजर्ट तूफानमा नियुक्त थिएँ| उनी पहिले अमेरिकी सिनेट (२०२४) र अमेरिकी सांसद ओहायो डि-५ (२०१८) मा उमेदवार थिए । अहिले, उनी हाल अटवा, ओहायोमा आफ्नी श्रीमती र दुई बच्चाहरूसँग बस्छन्| |

| | | | |
|---|---|---|---|
| **उम्मेदवारहरू का प्राथमिकता र उनीहरूका सोचाइहरू।** | **ीवनयापनको खर्च**<br>• अत्यधिक मूल्यवृद्धि र शोषणकारी अभ्यासहरू विरुद्ध उपभोक्ताहरूलाई थप सुरक्षित गर्नका लागि म हाम्रा महान्यायाधिवक्ता (Attorney General) सँग सहकार्य गरेर 'उपभोक्ता काउन्सिलको कार्यालय' (Office of the Consumers' Counsel) को बजेट पुनर्बहाल गर्नेछु।<br>• मेरो प्रशासनले ओहायोका परिवारहरूका लागि लागत कम गर्न 'ओहायोको गृह ऊर्जा सहायता कार्यक्रम' (Ohio's Home Energy Assistance Program), 'आम्दानीको प्रतिशत भुक्तानी योजना' (PIPP), र 'गृह मौसम सहायता कार्यक्रम' (Home Weatherization Assistance Program) जस्ता खर्च बचत गर्ने कार्यक्रमहरूमा पहुँच विस्तार गर्नेछ। साथै वासिङ्टन (संघीय सरकार) बाट हुने हस्तक्षेपका बाबजुद यी कार्यक्रमहरूले ओहायोका बासिन्दाहरूका लागि निरन्तर काम गरिरहने सुनिश्चित गर्नेछ।<br>• डाटा सेन्टर निर्माण र मर्मतसम्भारका लागि लाग्ने अन्य सबै अतिरिक्त खर्चहरू—जस्तै बिजुली, ग्याँस, पानी, वातावरणीय संरक्षण, र अन्य सेवाहरूको खर्च—डाटा सेन्टर र लगानीकर्ताहरू आफैंले बेहोर्नुपर्नेछ, ओहायोका करदाता र समुदायले होइन। | **ीवनयापनको खर्च/ रोजगार**<br>• म साना व्यवसायहरू, विशेष गरी गिग वर्कर्स (स्वतन्त्र/अल्पकालीन कामदारहरू), सिकर्मी/डकर्मी जस्ता प्राविधिकहरू (tradespeople), साना व्यवसायहरू, घरमै सञ्चालन गरिने बाल-हेरचाह केन्द्रहरू (in-home childcare), र अन्य प्रकारका स्थानीय उद्यमीहरूका लागि इजाजतपत्र (लाइसेन्सिङ) र नियमन प्रक्रियालाई सरल बनाउनेछु।<br>• हामी अहिले मतपत्रमा रहेको सम्पत्ति कर खारेज गर्ने संशोधन प्रस्तावको पक्षमा छौं र यसको सट्टामा हामी स्थानीय उपभोगमा आधारित करहरू (consumption-based taxes) लागू भएको हेर्न चाहन्छौं। साथै, चिट्ठा (लटरी) बाट संकलन हुने रकम कहाँ गइरहेको छ भन्ने कुरामा कुनै पारदर्शिता नभएकाले (यो सामान्य शिक्षा कोषमा जाने हुनाले), बजेटका अन्य क्षेत्रहरूको घाटा पूर्ति गर्न यसलाई टालटुलो उपायको रूपमा प्रयोग भइरहेको छ भन्ने हाम्रो बुझाइ छ। | **ीवनयापनको खर्च/ रोजगार**<br>• परिवारहरू, ज्येष्ठ नागरिकहरू र घरधनीहरूलाई आफ्नो समुदायबाट विस्थापित (आर्थिक रूपमा घर छोड्न बाध्य) हुनबाट बचाउन सम्पत्ति कर (property taxes) तत्काल कटौती गर्ने।<br>• राज्यको आयकर (state income tax) लाई चरणबद्ध रूपमा खारेज गर्ने—सुरुवातमा पुँजीगत लाभ कर (capital gains taxes) हटाएर—ताकि प्रत्येक ओहायोबासीले आफूले कमाएको रकम बढी बचत गर्न सकून्।<br>• ओहायोको ऊर्जा आपूर्तिलाई बलियो बनाउन र प्रत्येक परिवारको बिजुलीको बिल घटाउन प्राकृतिक ग्याँसको विस्तार गर्ने तथा नवीन ऊर्जा प्रविधिहरू लागू गर्ने। |

| | | | |
|---|---|---|---|
| **उम्मेदवारहरूका प्राथमिकता र उनीहरूका सोचाइहरू।** | **रष्टाचार**<br>• गभर्नरको रूपमा, म पारदर्शितामा जोड दिनेछु, थप विवरणहरू सार्वजनिक (उजागर) गर्न अनिवार्य गर्नेछु, हाम्रो चुनावी आर्थिक प्रणालीमा सुधार गर्नेछु, र बोलपत्र (टेन्डर), सम्झौता (कन्ट्र्याक्टिङ), तथा नियुक्ति प्रक्रियाहरूलाई खुला बनाउनेछु, ताकि निर्णयहरू निजी स्वार्थ वा ठूला दाताहरूको हितमा नभई जनताको हितमा लिइने सुनिश्चित गर्न सकूँ ।<br>**शिक्षा**<br>• गभर्नरको रूपमा, म सरकारी विद्यालयहरूको बजेट (फन्डिङ) लाई संवैधानिक स्तरमा पुनर्बहाल गर्नेछु, अनियन्त्रित खर्च र अस्पष्ट कार्यप्रणाली भएको निजी विद्यालयको 'भाउचर प्रणाली' (voucher system) लाई नियन्त्रणमा लिनेछु, र त्यसबाट हुने बचतलाई विद्यार्थी, शिक्षक र प्रमाणित उत्कृष्ट अभ्यासहरूमा लगानी गरेर ओहायोलाई शिक्षा क्षेत्रमा पुनः राष्ट्रकै अग्रणी राज्य बनाउनेछु। | **रष्टाचार**<br>• हामी कर्पोरेट घुसखोरीको पूर्ण अन्त्य भएको हेर्न चाहन्छौं—धेरै लामो समयदेखि उपयोगिता (बिजुली/पानी), स्वास्थ्य सेवा, दूरसञ्चार र बीमा जस्ता नियमन गरिएका एकाधिकारवादी कम्पनीहरूबाट राजनीतिज्ञहरूलाई कर्पोरेट चन्दा आउने गरेको छ।<br>• हामी विधायकहरूलाई उनीहरूको पदावधि सकिएको ५ वर्षसम्म लबिइस्ट (लविङकर्ता) बन्न प्रतिबन्ध लगाउन चाहन्छौं।<br>• हामी सरकारी सम्झौता (कन्ट्र्याक्ट) र बजेटहरूमा पूर्ण पारदर्शिता चाहन्छौं, र ती जानकारीहरू सार्वजनिक डेटाबेसमा सजिलै चिन्न र खोज्न सकिने गरी उपलब्ध गराउन चाहन्छौं।<br>**डाटा सेन्टर**<br>• हामी पारदर्शिता, निजी सम्पत्तिको अधिकार, वातावरणीय संरक्षण, र आफ्नो भविष्यमाथि प्रभाव पार्ने परियोजनाहरूमा अन्तिम निर्णय लिने अधिकार राजनीतिक पहुँच भएका कर्पोरेट कम्पनीहरू नभई ओहायोका समुदायको हुनुपर्ने कुराको समर्थन गर्दछौं। | **क्षिा**<br>• तेस्रो कक्षाको साक्षरता, आठौं कक्षाको गणितीय क्षमता, र बाह्रौं कक्षाको नागरिक शास्त्र (civics) मा केन्द्रित हुँदै शैक्षिक मापदण्डहरू उकास्ने।<br>• बालबालिकाहरू कहाँ र कसरी सिक्छन् भन्ने कुरामा पारदर्शिता र अर्थपूर्ण विकल्पहरू प्रदान गरी अभिभावकहरूलाई सशक्त बनाउने।<br>• उत्कृष्टतालाई पुरस्कृत गरेर र यस पेशामा शीर्ष प्रतिभाहरूलाई आकर्षित गरेर हाम्रा उत्कृष्ट शिक्षकहरूलाई बढी पारिश्रमिक दिने।<br>• स्वस्थ खाना र दैनिक शारीरिक शिक्षालाई प्रवर्द्धन गर्ने ताकि बालबालिकाहरू बलियो दिमाग र बलियो शरीरका साथ सिक्न सकून्।<br>• राम्रो तलब दिने जागिरका लागि वास्तविक बाटोहरू सिर्जना गर्न व्यावसायिक-प्राविधिक शिक्षा (career-technical education) र अप्रेंटिसशिप (प्रशिक्षुता) को विस्तार गर्ने। |

| | | | |
|---|---|---|---|
| **उम्मेदवारहरू का प्राथमिकता र उनीहरूका सोचाइहरू।** | **स्वास्थ्य सेवा को खर्च**<br>• गभर्नरको रूपमा म प्रेस्क्रिप्सन औषधिहरूको (चिकित्सकको पर्ची चाहिने औषधि)मूल्य घटाउनेछु; चिकित्सा ऋण (मेडिकल डेट) मिनाहा गर्नेछु; स्वास्थ्य बीमाको प्रिमियम कम गर्नेछु; र अप्रत्याशित बिलिङ (सरप्राइज बिलिङ) तथा आक्रमक ऋण असुली प्रक्रियामाथि कडा कारबाही गर्नेछु।<br>**व्यापार / रोजगार**<br>• गभर्नरको रूपमा मेरो पहिलो प्राथमिकता ओहायोका कामकाजी परिवारहरूका लागि कर छुट (ट्याक्स कट) सुनिश्चित गर्नु हुनेछ ताकि उनीहरूको खल्तीमा पैसा फिर्ता जाओस्, परिवारहरू गरिबीबाट मुक्त हुन सकून्, र ओहायोका बासिन्दाहरूले आफ्नो कडा परिश्रमको फल पाउन सकून्। यस राज्यले धेरै लामो समयदेखि कामकाजी परिवारहरू भन्दा विशेष स्वार्थ समूह र धनी सम्भ्रान्त वर्गलाई बढी प्राथमिकता दिँदै आएको छ। | **यक्तिगत मर्यादा**<br>• विवाह समानता (marriage equality) लाई संरक्षण गर्ने राज्यको संवैधानिक संशोधनको पक्षमा।<br>• गाँजा (मारिहुआना) उद्योगबाट सरकारी कर्मचारीतन्त्रलाई हटाउने किनभने सरकारले वितरणका लागि केवल सीमित कम्पनीहरूको नाफालाई मात्र नियमन गर्ने प्रयास जारी राखेको छ।<br>• हामी 'आइस' (ICE - अध्यागमन तथा भन्सार प्रवर्तन निकाय) को कडा विरोध गर्दछौं, किनकि यो बिना कुनै कारण अवैध रूपमा मानिसहरूलाई हिरासतमा राख्ने, मास्क पछाडि लुक्ने, र स्पष्ट पहिचान बिना काम गर्ने एक गैर-जवाफदेही संघीय प्रवर्तन निकाय हो। | **अपराध**<br>• दोहोरिने हिंस्रक अपराधीहरूका लागि थप कडा धरौटी (bail) र सजायको व्यवस्था लागू गर्ने।<br>• हिंस्रक अपराधीहरूलाई छिटो र निर्णायक रूपमा पक्राउ गर्न स्थानीय प्रहरी र शेरिफहरूलाई सशक्त बनाएर सुरक्षाकर्मीहरूको समर्थन गर्ने (Back the blue)।<br>• गम्भीर मानसिक रोगको समस्यालाई नियाँल्ने , ताकि प्रहरी अधिकारीहरूले अपराध नियन्त्रणमा ध्यान केन्द्रित गर्न सकून्।<br>• राज्यभरि सार्वजनिक सुरक्षालाई बलियो बनाउने, जसले गर्दा परिवारहरू आफ्ना टोल-छिमेकमा सुरक्षित महसुस गर्न सकून्। |
| अधिक जानकारी प्राप्त गर्न यहाँ जानुहोस्: | https://actonforgovernor.com/ | https://donkissick.com/ | https://vivekforohio.com/ |

## सिनेट (उम्मेदवारहरूलाई थरको वर्णानुक्रम अनुसार सूचीबद्ध गरिएको छ)

अमेरिकी सिनेटरहरूले राज्यका मतदाताहरूको प्रतिनिधित्व गर्दै सम्पूर्ण देशका लागि कानुनको मस्यौदा तयार गर्ने र मतदान गर्ने, क्याबिनेट (मन्त्रिपरिषद्) का उम्मेदवारहरूलाई स्वीकृत वा अस्वीकृत गर्ने, र महाभियोगको सुनुवाइ सञ्चालन गर्ने कार्य गर्दछन्|

| **उम्मेदवार** | **Sherrod Brown (D)**<br>**सेर्रड ब्राउन (डि)** | **Jon Husted (R)**<br>**जन् हस्टेड् (आर्)** | **William B. Redpath (L)**<br>**विल्यम् बि. रेड्पाथ्  (एल्)** |
|---|---|---|---|
| **ृष्ठभूमि जानकारी** | ब्राउनले ओहायोको अमेरिकी सिनेटमा २००७ देखि २०२५ सम्म काम गरेका थिएँ। १९९३ देखि २००७ सम्म ओहायोको अमेरिकी प्रतिनिधि थिएँ। त्यो अघि १९७५ देखि १९८३ सम्म ओहायोको प्तिनिधि सभामा (हाउस अफ रेप्रेजेन्टेटिभ) काम गरेका थिएँ। | २०११ देखि २०१९ सम्म हस्टेड्ले ओहायो राज्य सचिव भएर काम गरे। २०१९ देखि २०१५ सम्म ओहायोको उपराज्यपाल भएर काम गरेका थिए । २०२५ मा हस्टेड् अमेरिकी सिनेटमा नियुक्त भएका थिए  जब जे.डि. भान्स् उपाध्यक्ष बनेका थिए । | रेड्पाथ् फिन्डले, ओहायोको एउटा सीपीए हुन्| उनी सार्वजनिक पदका लागि नौ पटकका लिबर्टेरियन (Libertarian) उम्मेदवार भएकाछन्|  २००६ देखि २०१० सम्म LNC को अध्यक्ष (Chair) को रूपमा कार्यरत अवधि समेत उनी  कुल २४ वर्षसम्म लिबर्टेरियन राष्ट्रिय समिति (LNC) को सदस्य रहेका  छन्| |
| **उम्मेदवारहरूका प्राथमिकता र उनीहरूका सोचाइहरू।** | कामको मर्यादा। ओहायोका बासिन्दाहरूले पाउनुपर्ने सेवानिवृत्ति (पेन्सन) सुनिश्चित गर्ने, सामाजिक सुरक्षा (Social Security) प्रणालीलाई कायम राख्ने, र रोजगारीहरू विदेशमा होइन, ओहायोमै सुरक्षित राख्ने। | ओहायोका श्रमिकहरूलाई पहिलो प्राथमिकतामा राख्ने—मध्यम वर्गलाई बलियो बनाउने र रोजगारी सिर्जना गर्ने। संघीय सरकारबाट राज्य र स्थानीय अधिकारीहरूमा अधिकार फिर्ता गर्ने। | संघीय सरकारी खर्च कटौती गर्ने।<br>खुला आप्रवासन (Open immigration) हालसम्मकै सबैभन्दा ठूलो गरिबी निवारण कार्यक्रम हुनेछ।<br>स्वतन्त्र आप्रवासनले विश्वव्यापी आर्थिक उत्पादनको मात्रा बढाउनेछ।<br>मध्यपूर्वमा (Middle East) हुने युद्धको विरोध गर्ने। |
| **More info can be found at** | www.sherrodbrown.com | www.jonhustedforsenate.com/ | https://billredpath.com/ |

## राज्य सचिव (उम्मेदवारहरूलाई थरको वर्णानुक्रम अनुसार सूचीबद्ध गरिएको छ)

ओहायोका राज्य सचिवले ओहायोभरिको निर्वाचन प्रशासनको निगरानी गर्छन्| उनीहरूले ओहायोको निर्वाचन कानुनको सुपरिवेक्षण र कार्यान्वयन गर्छन्, निर्वाचन क्षेत्रको पुन:निर्धारण (redistricting) सम्बन्धी निर्णयहरूमा मद्दत गर्छन्, र निष्पक्ष तथा स्वतन्त्र मतदान सुनिश्चित गर्ने कार्य गर्छन्|

| उम्मेदवार | Tom Pruss (L)<br>टम् प्रुस् (एल्) | Allison Russo (D)<br>एलिसन् रूस्सो (डि) | Robert Sprague (R)<br>रोबर्ट इस्प्राग (आर) |
|---|---|---|---|
| पृष्ठभूमि जानकारी | प्रुस् टोलेडो ओहायोमा जन्मेका र हुर्केका थिएँ| उनी मुद्रण र मार्केटिंग उद्योगमा काम गर्दा छन्| उनी उत्तर पश्चिमी ओहायो पोलिस् सांस्कृतिक केन्द्रका उपाध्यक्ष छन्| | प्रतिनिधि एलिसन् रूस्सो ओहायोको पुर्व प्रतिनिधि सभाको अल्पसंख्यक नेता थिईन्| एलिसन् रूस्सोसंग जोर्ज वासिंटन युनिभर्सिटीबाट एउटा स्वास्थ्य नीतिको डॉक्टरेट डिग्री र बर्मिंहामको युनिभर्सिटी अफ् आलाबामाबाट सार्वजनिक स्वास्थ्य महामारी विज्ञानको मास्टस् डिग्री छ| उनि आफ्नो श्रीमान र तीन बच्चाहरूसँग अप्पर आर्लिंटनमा बस्दछिन्| | रोबर्ट स्प्रेग (Robert Sprague) ले फिन्डले (Findlay) को नगर कोषाध्यक्ष (City Treasurer) बनेर आफ्नो राजनीतिक यात्रा सुरु गरेका थिए । सन् २००७ मा उनले अडिटरको (Auditor) रूपमा फिन्डले सहरलाई वित्तीय रूपमा सहयोग जारी राख्नुभयो| सन् २०११ मा राज्य प्रतिनिधि (State Representative) र सन् २०१९ देखि हालसम्म राज्य कोषाध्यक्ष (State Treasurer) को रूपमा कार्यरत । स्प्रेग पाँच सन्तानका पिता हुनुका साथै फिन्डलेको एक चर्चका सदस्य हुन् र ड्यूक विश्वविद्यालय (Duke University) बाट 'कम लाउडे' (cum laude - विशिष्ट श्रेणी) सहित स्नातक प्राप्त गरेका छन्| |
| उम्मेदवारहरूका प्राथमिकता र उनीहरूका सोचाइहरू| . | • सबैका लागि मतदानको पहुँच (Ballot Access) को सुरक्षा गर्ने|<br>• सरकारी पारदर्शिता|<br>• मतदाता दमन (Voter Suppression) बिनाका सुरक्षित निर्वाचनहरू|<br>• ओहायोका साना व्यवसायहरूलाई सहयोग गर्ने| | • आगामी पुस्तालाई माथि उठाउने<br>• समुदाय<br>• व्यवसायहरूको आधुनिकीकरण<br>• पारदर्शिता<br>• सुरक्षित निर्वाचन<br>• लोकतन्त्र<br>• आर्थिक सुरक्षा | • फजुल खर्च कटौती गर्ने<br>• मृत्यु कर (Death Tax) खारेज गर्ने<br>• निर्वाचन सुरक्षा<br>• सन्तुलित बजेट |
| अधिक जानकारी प्राप्त गर्न यहाँ जानुहोस्: | votepruss.com/ | https://allisonrusso.com/ | www.spragueforohio.com |

## अटर्नी जनरल (उम्मेदवारहरूलाई थरको वर्णानुक्रम अनुसार सूचीबद्ध गरिएको छ)

ओहायोका महान्यायाधिवक्ता (Attorney General) राज्यको मुख्य कानुन अधिकारी हुन्। यो पद राज्यको सार्वजनिक हितको प्रतिनिधित्व गर्न र राज्यका निकायहरू तथा सरकारी अधिकारीहरूलाई कानुनी परामर्श प्रदान गर्न जिम्मेवार हुन्छ। उनीहरूले ओहायो सर्वोच्च अदालत (Ohio Supreme Court) मा राज्यको चासो हुन सक्ने कुनै पनि देवानी वा फौजदारी मुद्दाहरूमा राज्यको प्रतिनिधित्व गर्छन्।

| **उम्मेदवार** | **Keith Faber (R)**<br>**केइथ फाबर (आर)** | **John J. Kulewicz (D)**<br>**जह्न जे. कुलेविक्झ (डि)** |
|---|---|---|
| **पृष्ठभूमि जानकारी** | एक समर्पित पति र दुई सन्तानका पिता<br>हाल ओहायोको ३३औँ राज्य लेखा परीक्षक (Auditor of State) को रूपमा सेवारत | पति र दुई सन्तानका पिता<br>सन् २०२० देखि अपर आर्लिंगटन नगर परिषद् (Upper Arlington City Council) मा सेवारत |
| **उम्मेदवारहरूका प्राथमिकता र उनीहरूका सोचाइहरू।** | • करदाताको रकमको सुरक्षा गर्ने<br>• लागुऔषध महामारीको अन्त्य गर्ने<br>• सुरक्षाकर्मी/प्रहरीलाई सहयोग गर्ने<br>• मानव बेचबिखनबाट बचेकाहरूलाई (Survivors) सहयोग गर्ने | • न्यून जीवनयापन खर्च<br>• सुरक्षा र कानुन कार्यान्वयन<br>• पारदर्शिता |
| **अधिक जानकारी प्राप्त गर्न यहाँ जानुहोस्:** | https://www.keithfaber.org/ | https://john4ohioag.com/ |

**कोषाध्यक्ष (उम्मेदवारहरूलाई थरको वर्णानुक्रम अनुसार सूचीबद्ध गरिएको छ)**

राज्य कोषाध्यक्ष (State Treasurer) राज्यको कर संकलन गर्न, राज्यको कोष व्यवस्थापन गर्न, र ती कोषहरूलाई उचित उद्देश्यका लागि वितरण/भुक्तानी गर्न जिम्मेवार हुन्छन्।

| **उम्मेदवार** | **Jay Edwards (R)**<br>**जे एड्वार्ड्स (आर)** | **Seth Walsh (D)**<br>**सेथ वाल्स् (डि)** |
|---|---|---|
| **पृष्ठभूमि जानकारी** | उनी ओहायोको नेल्सनभिल (Nelsonville) का छन् ।<br>उनले ओहायो विश्वविद्यालयबाट गणितमा बी.एस. (B.S.) उपाधि हासिल गरेका छन्।<br>उनले एक रियल इस्टेट कम्पनी सुरु गरेका थिए जसको व्यवस्थापन आज सम्म पनि गर्दै आएका छन् । सन् २०१७ देखि २०२४ सम्म ओहायोको ९४औँ जिल्लाका लागि राज्य प्रतिनिधि (State Representative) का रूपमा कार्यरत । उनले 'हाउस मेजोरिटी व्हिप' (House Majority Whip) को रूपमा काम गरे र पछि 'हाउस फाइनान्स कमिटी' (House Finance Committee) को अध्यक्षको जिम्मेवारी लिए | सन् २०२२ देखि सिनसिनाटी नगर परिषद् (Cincinnati City Council) का सदस्य।<br>सिनसिनाटी रिटायरमेन्ट सिस्टम बोर्ड अफ ट्रस्टी (Cincinnati Retirement System Board of Trustees) का सदस्य।<br>सिनसिनाटी निर्वाचन आयोग (Cincinnati Elections Commission) का अध्यक्ष र 'फ्रेन्ड्स अफ द टाफ्ट फ्यामिली लिगेसी' (Friends of the Taft Family Legacy) का अध्यक्ष।<br>कलेज हिल अर्बन रिडेभलपमेन्ट कर्पोरेशन (College Hill Urban Redevelopment Corporation) को कार्यकारी निर्देशकको रूपमा कार्यरत। |
| **उम्मेदवारहरूका प्राथमिकता र उनीहरूका सोचाइहरू।** | • सम्पत्ति कर (Property taxes) र बिजुलीको बिल घटाउने।<br>• करदाताको रकमको फजुल खर्च घटाउने। | • ओहायोको कृषि क्षेत्रिप्रति समर्थन ।<br>• सार्वजनिक क्षेत्रका रोजगारदाताहरूमा लगानी गर्ने।<br>• करदाताको रकमको सुरक्षा गर्ने।<br>• टोल-छिमेकहरुको (Neighborhoods) उत्थान गर्ने। |
| **अधिक जानकारी प्राप्त गर्न यहाँ जानुहोस्:** | https://www.edwardsforohio.com/ | https://sethwalshforohio.com/ |

This project was financially assisted by the Ohio State Bar Foundation. The views expressed herein do not necessarily represent those of the Ohio State Bar Foundation.